29-20-25

मुख्य समाचार

- सरकार देशका किसानहरूको भलाईका लागि प्रतिबद्ध रहेको प्रधानमन्त्रीको भनाइ
- प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा, सरकारले कपडा उद्योगमा व्यापार बाधा, मुद्द्ाको समाधान निकाल्ने उपराष्ट्रपतिको भनाई
- रक्षामन्त्रीले मलेशियाको राजधानीमा बाह्रौं आसियान र ए.डी.एम.एन प्लस-मा भाग लिनुहुने, अनि
- डाक परिमण्डलले द्ोस्रो तिमाहीमा तीन हजार तिन सय चौबिस करोड़ रुपय्ाँको राजस्व अर्जित गरेको सन्चार मन्त्रीले दिनुभयो जानकारी ,

10. प्रधानमंत्री - कैबिनेट

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, सरकार देशका किसानहरूको भलाईका लागि प्रतिबद्ध छ। सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो, सरकारले वर्ष दुई हजार पचिस छब्बिसको रबीको फसलहरूका लागि फास्फोरस र पोटाश उर्वरकहरूमा सबसिडीलाई स्वीकृती दिएर एउटा महत्वपूर्ण कदम उठाएकोछ। उहाँले भन्नुभयो,यसले केवल अन्नदाताहरूलाई सस्त्ो दरमा उर्वरक उपलब्ध मात्र नभएर, उन्ीहरूको आय पनि बढ़्नेछ।

राष्ट्रपति-राफेल

राष्ट्रपति द्रौपदी मुर्मुले आज हरियाणाको अम्बाला स्थित वायुसेना स्टेशनबाट राफेल लड़ाकू विमानमा उड़ान भर्नुभयो। य्ो उड़ान लगभग पचीस मिनटको थ्ियो। आज बिहान वायुसेना स्टेशन पुगेपछि राष्ट्रपतिलाई औपचारिक गार्ड अफ अनर दिइयो। एयर चीफ मार्शल अमरप्रीत सिंह, हरियाणाका क्याबिनेट मन्त्री अनिल विज, अम्बालाका उपायुक्त अजय सिंह तोमर र केही अन्य अधिकार्ीहरूले उहाँको स्वागत गर्नुभयो। अप्र्ेल दुई हजार तेइसम्ा, भारतीय सशस्त्र बलहरूका सर्वोच्च कमाण्डर अनि राष्ट्रपति मुर्मूले पनि असमको तेजपुर वायुसेना स्टेशनमा सुखोई-तिस एम.के.आई लड़ाकू विमानमा उड़ान भर्नुभएकोथियो।

42 उपराष्ट्रपति

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले भन्नुभएकोछ, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले कपडा उद्योगमा व्यापार बाधाहरूसंग ज्ोड्ीएको मुद्द्ाको समाधान निकाल्नेछ। तमिलनाडुको त्रिप्ुरमा सम्मान समारोहमा उपराष्ट्रपतिले भन्नुभयो, वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलले पनि व्यापार शुल्क संग ज्ोड्ीएको अमरीका र भारत बीच जारी वार्तालाई ल्िएर प्रधानमन्त्रीको प्रशंसा गरिनुभएको थियो। उपराष्ट्रपतिले भन्नुभयो, कठिन

समयमा सौहार्द पूर्ण समाधान र वार्ताका लागि विश्व, भारतीय नेता प्रधानमन्त्री नरेन्द्र मोदी तर्फ हेरीरहेका छन् । आफ्नो शुरूको राजनीतिक जीवनलाई याद गर्दै श्री राधाकृष्णनले भन्नुभयो, सार्वजनिक जीवनका लागि कठिन परिश्रम, निष्ठा र सच्चाईको आवश्यकता छ ।

6-गोयल-ब्रुसेल्स

केन्द्रीय वाणिज्य एवं उद्योग मन्त्री पीयूष गोयलको ब्रुसेल्सको यात्रा हिजो सम्पन्न भयो । यस अन्तर्गत उहाँले भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता-एफ.टी.ए-लाई आगि बढाउनका लागि यूरोपीय संघको व्यापार एवं आर्थिक सुरक्षा आयुक्त मारोस सेफकोविक-का साथ विस्तृत चर्चा गर्नुभयो । श्री गोयलले भन्नुभयो, यस वार्ताले विकासको सम्भावनालाई बढाउँछ र दुबै पक्ष बीच रणनीतिक साझेदारीलाई अझै बलियो बनाउनेछ ।

राजनाथ आसियान

रक्षामन्त्री राजनाथ सिंहले शनिवार मलेशियाको राजधानी कुआ-लालम्पुरमा बाह्रौं आसियान र सहभागी देशका रक्षामन्त्रीहरूको सम्मेलन-ए.डी.एम.एन प्लसमा भाग लिनुहुनेछ। उहाँले यस सम्मेलनको पन्द्र वर्ष पूरा हुने र आगिको मार्ग बारे आयोजित सत्रलाई पनि सम्बोधन गर्नुहुनेछ । यो सम्मेलन हरेक वर्ष आयोजित हुन्छ । यसको उद्देश्य आसियान र आठ सहभागी देश बीच रक्षा सहयोग बलियो बनाउनु हो । यस अन्तर्गत शुक्रवार मलेशियाको अध्यक्षतामा आसियान-भारत रक्षा मन्त्रीहरूको अनौपचारिक बैठक हुनेछ ।

सिंधिया- दूसरी तिमाही समीक्षा

सन्चार मन्त्री ज्योतिरादित्य सिन्धियाले भन्नुभएकोछ, डाक परिमण्डल-ले दोस्रो तिमाहीमा तीन हजार तिन सय चौबिस करोड़ रुपयाँको राजस्व अर्जित गरेकोछ । यो लगभग चार हजार दुई सय करोड़ रुपियाँको लक्ष्यको लगभग अस्सी प्रतिशत हो। उहाँले बताउनुभयो, दिल्ली एक सय उन्चास प्रतिशत र तेलंगाना एक सय बाह्र प्रतिशतका साथ आफ्नो निर्धारित लक्ष्य पार गर्दै शीर्ष प्रदर्शनकर्ता बनेकोछ। श्री सिंधियाले पार्सल र मेल सेवामा ध्यान केन्द्रित गर्ने आवश्यकतामा बल दिनुभयो , जसले आउने वर्षमा कुल राजस्वमा कम भन्दा कम पचहत्तर प्रतिशतको योगदान दिन सकियोस् ।
समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ।

एम्स नेत्र रोगी

नयाँ दिल्लीको अखिल भारतीय आयुर्विज्ञान संस्थान – एम्समा दिपावलीमा नेत्र रोगीहरूको संख्यामा पछिलो वर्षको तुलनामा वृद्धि दर्ता गरिएको छ । संवाददातालाई जानकारी दिँदै , नेत्र रोग विशेषज्ञहरूको एउटा पेनलले बताएकोछ, दिपावालीको दस दिनमा नेत्र दुर्घटना विभागमा रोगीहरूको संख्या पछिलो वर्षको एक सय साठ्ठी देखी बढेर एकसय

नब्बे भएकोछ। पेनलले कुल मामिलामा सन्तानब्बे मामिला दिपावलीको दिनको रहेको बताएको छ। इनमा पचिस प्रतिशत रोगी गम्भीर दृष्टिबाधित थिए भने , पचिस प्रतिशत मध्यम दृष्टिबाधित थिए। पेनलले पटेकाको नियमको अन्तर राजीय सख्त प्रवर्तन र अनलाइन बिक्रीलाई निगरानीको आवश्यकतामा ज़ोड दियो।

पेनलले खतरनाक Carbide आधारित र घरमा बनाइएको पटेकामा प्रतिबन्ध लगाउने आवश्यकतामा जोड दियो, जसमा नेत्र आघात पछि आँखाको सुरक्षा र आपातकालीन प्राथमिक उपचारमा जन जागरूकता अभियान शामेल छ। पेनलले जोखिमलाई कम गर्नका लागि चश्मा र सुरक्षित सामुदायिक समारोहलाई बढ़ावा दिने पनि आह्वान गर्यो ।

<u>37 एम-2-एम सिम- संचार मंत्रालय</u>

सरकारले आज मशीन बाट मशीन- एम 2 एम सिम स्वामित्वको हस्तान्तरणको रूपरेखालाई अन्तिम रूप दिएकोछ। संचार मन्त्रालयले ज्ञापन जारी गरेर एक देखी अर्को एम 2 एम सेवा प्रदातालाई सिम स्वामित्व हस्तान्तरणको रूपरेखा बारे अधिसूचित गरेको छ। मन्त्रालयले भनेकोछ, नयाँ रूपरेखामा एम 2 एम सिम स्वामित्व हस्तान्तरणका लागि एउटा औपचारिक प्रक्रिया बनाइएकोछ, जसमा सेवामा बिना रुकावट एउटा सुचारू र अनुपालन परिवर्तन सुनिश्चित हुन सकोस् । मन्त्रालयले भनेकोछ, यो रूपरेखा सबै एम 2 एम सेवा प्रदाताहरूमा लागू हुनेछ।

<u>56 जयशंकर-यूरोपीय संघ व्यापार</u>

यूरोपीय संसदको अन्तर्राष्ट्रीय व्यापार समितिको एउटा प्रतिनिधिमण्डलले आज नयाँ दिल्लीमा विदेश मन्त्री सुब्रह्मण्यम जयशंकर संग भेट गरेकोछ। डा. जयशंकरले सोशल मीडिया पोस्टमा भन्नुभयो, उहाँले भारत र यूरोपीय संघ बीच आपसी तालमेल बढाउने बारे चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, यसले वैश्विक अर्थव्यवस्थामा स्थिरता आउन सक्छ लोकतान्त्रिक शक्तीहरू पनि बलियो हुन सक्छ।

<u>8 संयुक्त राष्ट्र रिपोर्ट-जलवायु</u>

संयुक्त राष्ट्र जलवायु परिवर्तन प्रारूप सन्धिले हालैमा जलवायु परिवर्तनको समस्यासंग निपट्नमा देशको राष्ट्रीय स्तरमा निर्धारित योगदानसंग जोडीएको रिपोर्ट जारी गरेकोछ। यस रिपोर्टमा भागीदार देशहरू द्वारा गुणवत्ता, विश्वसनीयता र आर्थिक परिधिमा सुधार बारे जानकारी दिइएकोछ। अगिलो महीना ब्राजीलमा संयुक्त राष्ट्रको तिसौं जलवायु परिवर्तन सम्मेलन-कप-30 को बैठक बाट पहिलो जारी यस रिपोर्टमा देशहरूको प्रयास

द्वारा जलवायु परिवर्तनको समस्यासंग निपट्नमा कार्रवाई प्रगतिको नयाँ संकेत दिइएकोछ । राष्ट्रीय स्तरमा निर्धारित योगदान अन्तर्गत सम्बन्धित देशले जलवायु परिवर्तनको नयाँ लक्ष्य स्थापित गरिरहिएकोछ।

मुख्य समाचार फेरी एकपल्ट

- सरकार देशका किसानहरूको भलाईका लागि प्रतिबद्ध रहेको प्रधानमन्त्रीको भनाइ
- प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले कपडा उद्योगमा व्यापार बाधा, मुद्दाको समाधान निकाल्ने उपराष्ट्रपतिको भनाई
- रक्षामन्त्रीले मलेशियाको राजधानीमा बाह्रौं आसियान र ए.डी.एम.एन प्लस-मा भाग लिनुहुने, अनि
- डाक परिमण्डलले दोस्रो तिमाहीमा तीन हजार तिन सय चौबिस करोड़ रुपयाँको राजस्व अर्जित गरेको सन्चार मन्त्रीले दिनुभयो जानकारी